नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय
(०७४/०७५) च.नं. ३५६

फोन: ०१-४४१२४३२, ०१-४४१२७३७
Ext: ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्या: १-०१-०१.२

प्रा.प.सं. :

मिति: २०७४।०८।२१ गते।

## प्रेस विज्ञप्ति

### ने.क.पा. माओवादी (विप्लव) को नेता तथा कार्यकर्ताहरू विष्फोटक पदार्थ, हातहतियार तथा विभिन्न दस्तावेज सहित पक्राउः

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन बिथोल्न काठमाण्डौ उपत्यकाको विभिन्न मतदान केन्द्र, महत्वपूर्ण स्थानहरू र उम्मेद्वारलाई लक्षित गरी बम विष्फोटन गराउने योजनामा संलग्न रहेको ने.क.पा. माओवादी (विप्लव) को निम्न नेता तथा कार्यकर्ताहरू विष्फोटक पदार्थ, हातहतियार तथा विभिन्न दस्तावेजहरू सहित मिति २०७४।०८।२० गते पक्राउ गरिएको छ। निजहरूले काठमाण्डौ उपत्यकाका विभन्न स्थानहरूमा विष्फोटन गराउने उद्देश्य रहेकोमा निजहरूको गिरफ्तारी पश्चात अन्य स्थानहरूमा विष्फोटन गर्ने योजना विफल भएको छ।

निजहरूले यसपूर्व केही स्थानमा उम्मेद्वारलाई लक्षित गरी विष्फोट गराएको समेत खुल्न आएको छ। यससम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

### प्रकाउ पर्नेहरूको विवरण :

१) **नाम थर : रवि गोले**

**उमेर:** २४ वर्ष

**स्थाई ठेगाना :** जिल्ला सर्लाही ईश्वरपुर -१२, बाँके लामीदमार

**हालको ठेगाना :** सामना परिवार लाजिम्पाट, काठमाण्डौं

**पार्टीको हैसियत :** काठमाण्डौं जिल्लाको DCM, युवा दस्ता (राष्टिय युवा जनसंवयम सेवक ) जिल्ला संयोजक तथा काठमाण्डौं १ नम्बर कमाण्डको युवा दस्ता ईन्चार्ज

**संलग्नता:** हातहतियार तथा विष्फोटक पदार्थ संकलन, भण्डारण तथा विभिन्न स्थानहरूमा विष्फोटन गराएको तथा विष्फोटनको योजना बनाएको

२) **नाम थर : सम्पुर्ण मुक्ति भन्ने विचारमान तामाङ**

**उमेर :** ३४ वर्ष

**स्थाई ठेगाना :** जिल्ला सिन्धुली, क्यानेश्वर ९, मोक्तान डाँडा

**हालको ठेगाना :** बौद्ध, टुसाल, काठमाण्डौं

**पार्टीको हैसियत :** काठमाण्डौं जिल्लाको DCM

**संलग्नता:** हातहतियार तथा विष्फोटक पदार्थ संकलन, भण्डारण तथा विभिन्न स्थानहरूमा विष्फोटन गराएको तथा विष्फोटनको योजना बनाएको

३) **नाम थर : □रोह नेपाली भन्ने महेश नेपाली**

**उमेर :** ३० वर्ष

**स्थाई ठेगाना :** जिल्ला मकवानपुर, हेटौंडा -१७

**हालको ठेगाना :** जिल्ला ललितपुर , बाडेगाउँ

**पार्टीको हैसियत :** अखिल नेपाल जनसास्कृतिक महासंघको कोषाध्यक्ष, (सामना परिवार- कलाकार), ललितपुर जिल्ला ACM

**संलग्नता:** विष्फोट गराउने

४) **नाम थर : बिगेश लामा**

**उमेर:** ४८ वर्ष

**स्थाई ठेगाना :** जिल्ला काभ्रे, मादन कुँडारी गाउपालीका-७, चौरी देउराली

**हालको ठेगाना :** पुरानो बानेश्वर, काठमाण्डौं

**पार्टीको हैसियत :** काठमाण्डौं जिल्ला DCM, (न्याय बिभाग प्रमुख )

**संलग्नता:** विष्फोटका पदार्थ भण्डार तथा निर्वाचन बिथोल्न युवा दस्ता परिचालन र विष्फोट गराउने

५) **नाम थर : राजिव तामाङ्ग**

**उमेर :** ३२ वर्ष

**स्थाई ठेगाना :** जिल्ला नुवाकोट, लिखु नगरपालिका, थानापति

**हालको ठेगाना :** जिल्ला ललितपुर , बाँडेगाउँ

**पार्टीको हैसियत :** नुवाकोट जिल्ला DCM,

**संलग्नता:** विष्फोटक पदार्थ बनाउने प्रशिक्षण प्राप्त गरी उपत्यकामा विष्फोटन गगराउने

६)	**नाम थर : रोशन बिष्ट**

**उमेर :** ३० वर्ष

**स्थाई ठेगाना** : जिल्ला दोलखा, तामाकोशी गाउपालीका-५

**हालको ठेगाना :** जिल्ला ललितपुर , बाडेगाउँ

**पार्टीको हैसियत :** साधारण सदस्य

**संलग्नता:** विष्फोट गराउने



पक्राउ परेका व्यक्तिहरू

प्रहरी नायव महानिरीक्षक

( मनोज नेउपाने )

केन्द्रीय प्रहरी प्रवक्ता